*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. III, January, 2022
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus Sindhuli
https://www.nepjol.info/index.php/sij

# लाहुरी भैँसी कथामा चेतन र अचेतन वस्तुवक्रता

डा.केशवराज पोखरेल

**Article History**: ***Received:*** 30 June 2021; ***Reviewed:*** 30 November 2021; ***Accepted:*** 10 December 2021

## लेखसार

*रमेश विकलद्वारा रचित लाहुरी भैँसी कथाको प्रायोगिक अध्ययन संस्कृतका आचार्य कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तको चेतन वस्तु र अचेतन वस्तुवक्रताका आधारमा गरिएको छ। यस लेखमा चेतन वस्तु र अचेतन वस्तुवक्रताको सैद्धान्तिक पर्याधार अनुरूप बनाइएको विश्लेषणको ढाँचा अनुसार शोध्य कृतिबाट चेतन वस्तु र अचेतन वस्तु एवम् तिनका विभिन्न उपकरणसँग सम्बद्ध सामग्री सङ्कलन गरी तिनको विश्लेषण गरिएको छ। यसमा सर्वप्रथम चेतन वस्तुवक्रतासँग सम्बद्ध सामग्रीमा प्रस्तुत कथाका प्रमुख पात्र लुखुरे र द्वारेको मानसिक व्यापार, समाख्याताको दृष्टिकोण, पात्रहरूको भौतिक अवस्था र सोचाइबाट उत्पन्न अन्तर्द्वन्द्वसँग सम्बद्ध सामग्रीको विश्लेषणबाट उत्पन्न सौन्दर्य खोजिएको छ। अचेतन वस्तुवक्रतामा घटनाको स्थानिक र कालिक स्थिति, गालीगलौज र अपमानबोधक सामाजिक परिवेश, देवीदेवताको पुकार र मान्यजनप्रतिको सम्मानबोधक सांस्कृतिक स्थिति, गरिबप्रति सामन्तको थिचोमिचो जनाउने सामन्ती व्यवहारका कार्यबाट चेतन वस्तुको मनस्थिति प्रभावित भएका सम्बद्ध प्रमाण खोजी तिनका आधारमा अचेतन वस्तुवक्रताको सौन्दर्य केलाइएको छ। त्यस्तै चेतन वस्तुका कार्यकलापमा प्रभाव पार्ने गरी गौण चेतन वस्तु (मानवेतर पात्र) लाहुरी भैँसीको चित्रणबाट लुखुरे र द्वारेका मनमा परेका प्रभावको चित्रण पनि प्रस्तुत कथामा फरकफरक किसिमबाट गरिएको छ। यसरी प्रस्तुत कथामा चेतन वस्तुका कार्यकलापलाई उद्वेलित तुल्याउने गरी गौण चेतन वस्तु र अचेतन वस्तुका विविध पक्षको वर्णन गरिएकाले विश्लेष्य कथा चेतन वस्तु, अचेतन वस्तु र गौण चेतन वस्तुवक्रताका दृष्टिले कलात्मक रहेको निष्कर्ष निकालिएको छ।*

***शब्दकुञ्जि :*** अचेतन वस्तु, कविकर्मकौशल, चेतन वस्तु, मनस्थिति, वस्तुवक्रता, वाक्यशृङ्खला, सौन्दर्य

## परिचय

रमेश विकल (वि.सं. १९८५–२०६५) आधुनिक नेपाली कथाको सामाजिक यथार्थवादी धाराका स्रष्टा हुन्। उनले नेपाली साहित्यका कथा, उपन्यास, नाटक-एकाङ्की, यात्रानिबन्ध लगायत बालसाहित्यका विभिन्न विधाका कृतिको सिर्जना गरेका छन्। उनका आजसम्म *बिरानो देशमा* (२०१६), *नयाँ सडकको*

Copyright 2022 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.

*गीत* (२०१९), *आज फेरि अर्को तन्ना फेरिन्छ* (२०२४), *एउटा बूढो भ्वाइलेन आशावरीको धुनमा* (२०२५), *उर्मिला भाउजू* (२०४३), *शव शालिक र सहस्र बुद्ध* (२०४३), *हराएका कथाहरू* (२०५५) जस्ता कथासङ्ग्रह प्रकाशित छन् । *नयाँ सडकको गीत* कथासङ्ग्रहमा सङ्कलित *लाहुरी भैंसी* कथा सामाजिक यथार्थवादी धाराको कृति हो । यसमा नेपाली समाजमा विद्यमान ठुलाठालुको ईर्ष्या, छलकपट र ठालुपन तथा निर्धाको सुधोपन र निष्कपट प्रवृत्तिको मार्मिक चित्रण गरिएको छ । द्वारे बाको धुर्त्याइँका कारण लुखरेका घरको आशा, विश्वास र सपनाको सुन्दर संसार ध्वस्त हुन्छ । यसरी हेर्दा प्रस्तुत कथाको कथ्य मान्छेको विवश जिन्दगीप्रति सहानुभूति र स्वार्थी प्रवृत्तिमाथि घोंचपेज गर्नु रहेको छ ।

संस्कृत काव्यशास्त्र परम्परामा कुन्तक दसौं शताब्दीका आचार्य मानिन्छन् । उनले रस, अलङ्कार, ध्वनि, रीति, औचित्यजस्ता सिद्धान्त वक्रोक्तिमा समायोजन हुने बताएका छन् । उनका विचार मा भावकलाई आह्लादित गर्ने शब्द र अर्थको सहभाव काव्य हो र त्यो नै काव्यको आत्मा वा जीवन हो । काव्यमा रमणीयार्थ अभिव्यञ्जक शब्द र काव्यवेत्तालाई आनन्द दिने अर्थको वक्रतामय सामञ्जस्य आवश्यक हुन्छ । त्यो सामञ्जस्य शास्त्रीय र जनव्यवहारमा प्रयुक्त कथनभन्दा फरक कविकर्मकौशलमा आधारित वक्रतामयी र विशिष्ट हुन्छ । वक्रोक्तिका वर्णविन्यास वक्रता, पदपूर्वार्द्ध वक्रता, पदपरार्द्ध वक्रता, वाक्यवक्रता, प्रकरणवक्रता र प्रबन्धवक्रता गरी छओटा भेद छन् । यी भेदमा कृतिका वर्ण, पद, वाक्य, प्रकरण र प्रबन्ध तहसम्मका अवयवको मूल्याङ्कन गर्ने आधार रहेका छन् । कुन्तक प्रतिपादित वाक्यवक्रतामा वर्ण्य पदार्थ (वस्तु) को चित्रणमा पाइने सौन्दर्य केलाइएको हुन्छ । यसका सहजा–आहार्य, चेतन–अचेतन, रसभावपरक र नीतिपरक/व्यवहारपरक आदि विभेद छन् । यिनै विभेदमध्ये चेतन वस्तु र अचेतन वस्तुवक्रताका आधारमा रमेश विकलको *लाहुरी भैंसी* कथामा अन्तर्निहित सौन्दर्यको खोजी गर्नु प्राज्ञिक कार्य हो । त्यसैले यो अध्ययन उक्त कथामा अभिव्यक्त चेतन वस्तु र अचेतन वस्तुवक्रताको विश्लेषणमा केन्द्रित छ ।

पूर्वीय काव्यपरम्परामा रस, अलङ्कार, रीति, ध्वनि, वक्रोक्ति र औचित्य बहुप्रचलित मान्यता हुन् । यिनै मान्यताका आधारमा नेपाली साहित्यका कृति अध्ययनीय हुन सक्छन् । वक्रोक्ति संस्कृतको प्रचलित सिद्धान्त हो । यसका आधारमा पनि साहित्यिक कृतिको अध्ययन गर्न सकिन्छ । यहाँ चेतन र अचेतन वस्तुवक्रताका आधारमा *लाहुरी भैंसी* कथाको अध्ययन गरिएको छ । यसका लागि उक्त कथामा चेतन र अचेतन वस्तुवक्रताका केकस्ता विशेषता पाइन्छन् भन्ने जिज्ञासालाई मूल समस्या बनाई त्यसै समस्याको प्राज्ञिक समाधान गर्ने उद्देश्य राखिएको छ ।

## पूर्वकार्यको समीक्षा

शोध्य विषयले अवलम्बन गरेको सिद्धान्तका आधारमा नेपाली साहित्यका केही कृतिको वक्रोक्तिपरक अध्ययन भएका छन् । यसक्रममा सर्वप्रथम शर्मा (२०७३) ले *गुरुप्रसाद मैनालीका कथामा वक्रता* शीर्षकको शोधप्रबन्धमा चेतन वस्तुलाई पात्रका क्रियाकलापसँग र अचेतन वस्तुलाई परिवेशसँग सन्दर्भित तुल्याई वक्रताका कोणबाट आख्यान विश्लेषण गर्न सकिने आधार प्रस्तुत गरेका छन् । उनले यहाँ चेतन वस्तुवक्रता विश्लेषणका लागि पात्रका भौतिक, मानसिक स्वरूप तथा पात्रका बारेमा अन्य पात्रले व्यक्त गरेका धारणाका आधारमा चेतन वस्तुका चारित्रिक विशेषता केलाएका छन् । त्यस्तै उनले चेतन वस्तुको मनोभावलाई उद्दीप्त तुल्याउने देश, समय, समाज, संस्कृति, न्यायप्रणाली, रोगव्याधि जस्ता परिवेशलाई अचेतन वस्तुका रूपमा विश्लेषण गरेका छन् । यसबाट मैनालीका कथामा अचेतन वस्तुको

वक्रतापूर्ण प्रयोगबाट चेतनवस्तुको मनस्थिति र चित्तवृत्ति अनुकूलको वातावरण निर्माण भई कृतिमा चारुता सिर्जना भएको बताइएको छ ।

भट्टराई (२०७५) ले *शाकुन्तल महाकाव्यमा वक्रोक्ति* शीर्षकको शोधप्रबन्धमा पनि वाक्यवक्रताको सैद्धान्तिक परिचय दिँदै चेतन र अचेतन वक्रतालाई शोध्य कृतिबाट आवश्यक उदाहरण दिई चिनाउने प्रयास गरेका छन् । यसक्रममा उनले चेतनवस्तुका रूपमा दुष्यन्त, शकुन्तलादि मानवचरित्र, कण्व, दुर्वासा, विश्वामित्र, कश्यपादि ऋषिचरित्र, इन्द्र, मातलि आदि दैवी र राक्षसादि आसुरी चरित्र र तिनका कार्यव्यवहार एवम् अचेतन वस्तुवक्रतामा प्रकृतिको उदात्तीकरण, विभावीकरणका साथै मानवीकरण गरी अनुसन्धेय कृतिमा प्रकृति र जीवनका बिच रागात्मक सम्बन्ध सिर्जना भएको निष्कर्ष निकालेका छन् ।

पोखरेल (२०७८) ले *पूर्वीय र पाश्चात्य समालोचना* नामक कृतिमा वक्रोक्तिसिद्धान्तको चर्चा गर्ने क्रममा वाक्यवक्रताका विभिन्न भेदलाई जनाउन नेपाली साहित्यका विभिन्न कृतिबाट आवश्यक उदाहरण दिएका छन् । यसक्रममा उनले रमेश विकलको *लाहुरी भैंसी* कथाबाट पनि एक-एकवटा उदाहरण लिई चेतन र अचेतन वस्तुवक्रतामा अन्तर्निहित सौन्दर्य केलाएका छन् ।

उपर्युक्त पूर्वाध्ययनमा दिइएका केही नमुना अध्ययनीय कथाविश्लेषणका लागि सघाउ हुने खालका छन् । यसमा शर्मा (२०७३) को शोधकार्यमा वक्रताका आधारमा आख्यान विश्लेषण गर्ने ढाँचा रहेकाले त्यसले यस आलेखमा सामग्री सङ्कलन र विश्लेषणका लागि उपयुक्त आधार दिएको छ । पोखरेल (२०७८) को कृतिमा दिइएका वाक्यवक्रताका उदाहरणहरू परिचयात्मक प्रकृतिका छन् । त्यसैले चेतन र अचेतन वस्तुवक्रताको सिद्धान्तका आधारमा कृतिविश्लेषणको ढाँचा बनाई रमेश विकलको *लाहुरी भैंसी* कथाको अध्ययन गर्नु नितान्त नवीन र प्राज्ञिक कार्य हो । यो आलेख उक्त कथामा पाइने चेतन वस्तु र अचेतन वस्तुका सौन्दर्यको व्यवस्थित अध्ययनमा केन्द्रित छ ।

प्रस्तुत अध्ययनमा चेतन र अचेतन वस्तुवक्रताका आधारमा कृतिविश्लेषणको ढाँचा बनाई तदनुरूप *लाहुरी भैंसी* कथाको प्राज्ञिक विश्लेषण गरिएको छ । शोध्य रचनामा पाइने चेतन र अचेतन वस्तुवक्रताका ज्ञानमाथि वस्तुगत रूपमा प्रकाश पारिएको हुँदा यो अध्ययन आफैमा महत्वपूर्ण रहेको छ । चयनीय विषय र त्यसबाट प्राप्त ज्ञान सम्बद्ध विषयका जिज्ञासु, अध्येता, शोधार्थी एवम् पठनपाठनमा संलग्न व्यक्तिका लागि पनि उपयोगी भएकाले यो अध्ययन औचित्यपूर्ण बनेको पुष्टि हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत आलेखमा उपयोग गरिएको अध्ययन विधिलाई सामग्री सङ्कलन विधि र अध्ययनको सैद्धान्तिक पर्याधार गरी छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनसँग सम्बद्ध मुख्य सामग्री रमेश विकलद्वारा रचित *लाहुरी भैंसी* कथासँग सम्बद्ध छ । उक्त कृतिको सम्यक् पठन गरी यस आलेखका निम्ति आवश्यक पर्ने चेतन, अचेतन र गौण चेतन वस्तुवक्रता अनुरूप प्राथमिक स्रोतको सामग्रीको सङ्कलन गरिएको छ । त्यस्तै द्वितीयक स्रोतको सामग्री नेपाली साहित्यमा गरिएका अध्ययन र अनुसन्धानबाट लिइएको छ । यी दुवै प्रकारका सामग्रीको उपयोगबाट यो अध्ययन सम्पन्न गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनमा उठाइएका समस्या समाधानका लागि कुन्तकद्वारा रचित *वक्रोक्तिजीवितम्* ग्रन्थको तेस्रो उन्मेषका सम्बद्ध कारिका र तिनका वृत्तिमा दिइएका चेतन र अचेतन वस्तुवक्रताका स्वरूपबाट सैद्धान्तिक पर्याधार बनाइएको छ। वर्णनीय वस्तुको रमणीय एवम् मनोहर ढङ्गले गरिने वर्णन नै वाक्यवक्रता हो (कुन्तक, २०१२, पृ. २९३) । यसलाई वस्तुवक्रता, वाक्यवक्रता, वाच्यवक्रता, अर्थ वा भाववक्रता पनि भनिन्छ। यसका सहजा र आहार्य, चेतन र अचेतन, रसभाव र नीतिपरक वस्तुवक्रताजस्ता भेद रहेका छन् । सहजा वक्रतामा नैसर्गिक वस्तुको चित्रण स्वाभाविक शैलीमा तथा आहार्य वक्रतामा उत्पाद्य वस्तुको चित्रण आलङ्कारिक शैलीमा हुन्छ। त्यस्तै रसभावोद्दीपक वस्तुचित्रणमा रसभाव वक्रता तथा पुरुषार्थ चतुष्टय प्राप्तिसँग सम्बद्ध लोककल्याणकारी वस्तुको चित्रण नीतिपरक वक्रतामा गरिन्छ (पोखरेल, सन् २०२०, पृ.२२३) । साहित्यिक कृतिको विषयवस्तु वा वस्तुस्रोत ऐहिक जीवनजगत् र पार लौकिक संसारसँग सम्बद्ध रहन्छ। ऐहिक जीवनमा चेतन र अचेतन वस्तु चित्रण गरिन्छन् भने पारलौकिक जीवनमा देवता आदि दैवी वस्तुप्रति विश्वास हुने गर्छ । साहित्यकारले आफ्ना कृतिमा ऐहिक जगत्का मानवीय पात्रलाई तथा पारलौकिक जगत्का देवतादि पात्रलाई चेतन वस्तु र मानवेतर पात्रलाई गौण चेतन वस्तुका रूपमा चयन गरी सौन्दर्य सिर्जना गरेको हुन्छ। कुन्तकले पनि मुख्य चेतन वस्तु (मनुष्य र देवतादि) र गौण चेतन वस्तु (पशुपंक्षी, कीटपतङ्ग आदि) को चित्रणबाट कृतिमा चेतन वस्तुवक्रताको सौन्दर्य अविर्भाव हुने बताएका छन् (२०१२, पृ. ३२२–३३१) । चेतन वस्तुको मनोवृत्तिलाई उद्दीप्त तुल्याउने भूगोल, समय, प्रकृति, दृश्य, समाज, संस्कृति आदि वस्तुचित्रणबाट उत्पन्न सौन्दर्यलाई अचेतन वस्तुवक्रता भनिन्छ । साहित्यिक कृतिमा अचेतन वस्तुसम्बद्ध विषयको चित्रणबाट देखापर्ने सौन्दर्य विशिष्ट हुन्छ। यस्ता वस्तुको वर्णनमा चेतन वस्तुको मनोदशा उद्दीप्त तुल्याई पाठकलाई आनन्द प्रदान गर्ने उद्देश्य राखिएको हुन्छ (नगेन्द्र, २०१२, पृ. ९३) । काव्यकृतिमा वस्तुवर्णनको आलम्बन मूलतः देवता र मानिस हुन्छन् र ती आलम्बनको उद्दीपनका लागि प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक आदि अवस्थालाई अचेतन वस्तुका रूपमा लिइन्छ । यस आलेखमा चेतन र अचेतन वस्तुवक्रतासँग सम्बद्ध सामग्रीको विश्लेषणका लागि मूलतः शर्मा (२०७३, पृ. ११९ र १३६) का आधारको उपयोग गरी तदनुकूल शोध्य कृतिबाट लिइएका तथ्यलाई विभिन्न शीर्षक र उपशीर्षकमा विश्लेषण गरिएको छ ।

## लाहुरी भैंसी कथामा चेतन वस्तुवक्रता

यहाँ चेतन वस्तुवक्रताको सैद्धान्तिक पर्याधारअनुसार समाख्याताको दृष्टिकोण, पात्रहरूको भौतिक अवस्था, एउटा पात्रले अर्का पात्रप्रति गर्ने टिप्पणी र पात्रको सोचाइअनुकूल कृतिविश्लेषणको ढाँचा निर्माण गरी तदनुरूप *लाहुरी भैंसी* कथाबाट आवश्यक उदाहरण खोजी तिनको अध्ययन गरिएको छ।

### समाख्याताबाट प्रत्यक्ष वर्णन

आख्यानकार स्वयं समाख्याता बनेर वर्णनीय वस्तुलाई रसात्मक र कलात्मक तुल्याई वस्तुविवेचना गर्ने शैलीलाई समाख्याताको प्रत्यक्ष वर्णनमा आधारित वक्रता भनिन्छ । यसमा स्रष्टाले समाख्याताका माध्यमबाट आफ्ना विचार वा दृष्टिकोण राखेको हुन्छ । साहित्यिक कृतिमा कुनै स्रष्टाले आफै वा समाख्याताद्वारा चेतन वस्तुका क्रियाकलापको सौन्दर्योद्घाटन गर्छ भने त्यसलाई चेतन वस्तुमा आधारित वक्रता भनिन्छ (शर्मा, २०७३, पृ. १२०) । *लाहुरी भैंसी* कथामा समाख्याताले चेतन वस्तुबारे गरेका टिप्पणीसँग सम्बद्ध कथनमा वक्रता रहेकाले त्यस्ता कथनलाई यसप्रकार चिनाइएको छ :

१. आफूले एउटा भन्या जस्तो लाहुरी ल्याउने जम्का गर्दागर्दै छेपाराको उखान भैरेछ, लुखुरे नाथुले भैंसी ल्याउने ! यो कसरी हुन सक्छ ?...उनलाई यो आफ्नो द्वारेपनाको निमित्त एउटा थप्पड भ्कैँ लाग्यो (अनु. २) ।

२. यी सबै किसिमका साँचा–भ्कुटाको संयुक्त हमलाले लुखुरेको मनको कुनै पनि कुनामा कुनै किसिमको आशाको भ्किल्कोसम्म पनि रहन दिएन । उसको आत्मा विकल भएर बिलाप्न थाल्यो (अनु. ३८) ।

उपर्युक्त वाक्यशृङ्खलामा चेतन वस्तु (मानवीय पात्र) का गतिविधिबारे समाख्याताले गरेको प्रतिक्रियामा चेतन वस्तुवक्रताको सौन्दर्य देखिएको छ । उदाहरण (१) मा अथक् प्रयास गर्दागर्दै पनि लाहुरी भैंसी किन्ने प्रयास छेपाराको आहान जस्तै भएको परिस्थितिमा लुखुरेजस्ता गरिबले काँटछाँट मिलेको भैंसी किनेको घटनालाई द्वारेले आफ्नो द्वारेपना माथिको ठुलो आघात मानेको छ । लुखेुरेले भैंसी किनेको कार्य र त्यसमा द्वारेले व्यक्त गरेको आश्चर्यको विषयबारे समाख्याताले गरेको कलात्मक चित्रण वक्रतामय रहेको छ। त्यस्तै उदाहरण (२) मा पनि असल जात र शारीरिक बान्की मिलेको भैंसीमा खोट देखाउने द्वारेलगायत निजका आसेपासे रामबिरे, बुढाथोकी, सीताराम आदिका व्यवहारबाट लुखेरेका परिवारमा देखिएको उत्साह, उमङ्ग र हर्षमा कालो बादल मडारिई चिन्ता, ग्लानि, पश्चात्तापका साथै शोकको वातावरण सिर्जना भएको छ । भैंसीमा खोट देखाई गरिब लुखुरेलाई बिलखबन्दमा पार्ने द्वारेको सामन्ती कार्यलाई समाख्याताले चित्रण गरेका घटनाबाट वक्रता थपिएको छ। यसरी लाहुरी भैंसी ल्याउँदा लुखुरेका परिवारजनमा जुन उत्साह, उमङ्ग र हर्षको भाव सञ्चरण भएको थियो त्यो भाव द्वारेजस्ता सामन्तका व्यक्तिगत स्वार्थका कारण शोकभावमा बदलिएको विषयलाई समाख्याताले कलात्मक रूपमा चित्रण गरेकाले उपर्युक्त वाक्यशृङ्खलामा चेतन वस्तुवक्रताको सौन्दर्य प्रकट भएको छ ।

**चेतन वस्तुको भौतिक अवस्था**

भौतिक अवस्थाले चेतन वस्तुको भेषभूषा, शारीरिक संरचना, आनीबानी, ढङ्गढाँचाजस्ता क्रियाकलापलाई जनाउने गर्छ । साहित्यिक रचनामा त्यस्ता क्रियाकलापको वर्णनबाट चेतन वस्तु पाठकसामु साक्षात् उपस्थित भई अपूर्व सौन्दर्य सिर्जना भएको हुन्छ (शर्मा, २०७३, पृ.१२३) । *लाहुरी भैंसी* कथामा चेतन वस्तुको भौतिक अवस्थाको वर्णन यसप्रकार गरिएको छ :

३. अघिसम्म सम्पूर्ण अङ्ग र सम्पूर्ण चेष्टाबाट हाँसो र प्रसन्नताको वरदान बर्साइरहेकी घैंटी पनि अहिले पानीमा परेको गुइँठा फुलेभ्कैँ फुलेकी, ढोकाको एउटा फक्ल्याटो समातेर उभिएकी थिई (अनु. २१) ।

उपर्युक्त वाक्यशृङ्खलामा पात्रको भौतिक अवस्था, आनीबानी र चारित्रिक स्वभावको सहज र सुन्दर प्रस्तुतिबाट वक्रता सिर्जना भएको छ । उदाहरण (३) अनुसार विवेच्य कथाकी नारी पात्र घैंटीले नाककानका गहना बेचेर भए पनि गोठमा भैंसी बाँध्न पाउँदा अपार हर्ष, खुसी र प्रसन्नता जनाएकी छ । सामन्तहरू गरिबका घरमा रहेको असल वस्तु देख्न सक्दैनन् । यहाँ द्वारेले लुखुरेले ल्याएको असल जात र बान्कीको भैंसीमा खोट देखाएको छ । लुखुरे र द्वारेको संवादबाट घैंटी रिसले चुर भई पानीले ढाडिएको गोबरको गुइँठो भ्कैँ फुलेकी छ । एकछिन अघिसम्म माया र ममताकी खानी महामायाजस्ती घैंटी द्वारेको भैंसी खोटी भएको कथनबाट रणचण्डी जस्तै बनेको घटना सुन्दर र आलङ्कारिक (गुइँठा फुलेभ्कैँ फुलेकी) रहेकाले घैंटीको स्वभाव र आनीबानीका कार्यमा चेतन वस्तुवक्रताको सौन्दर्य देखापरेको छ ।

**चेतनवस्तुको सोचाइ**

चेतन वस्तुका सोचाइ वा चिन्तनको सहज, स्वाभाविक र कलात्मक वर्णनबाट पात्रको अन्तर्द्वन्द्व उत्कर्षमा पुग्दा चेतन वस्तुवक्रताको सौन्दर्य अविर्भाव हुन्छ । *लाहुरी भैंसी* कथामा चेतन वस्तुभित्र हुँडुलिएका दृष्टान्त रहेकाले तिनको चर्चा यसप्रकार गरिएको छ:

४. लुखुरेको स्वरमा बजेको अपूर्व आत्मतृप्तिको संगीत र आँखामा छचल्कने सुनौला सपना द्वारे बाको आँखामा त्यति मीठो लागेन । हृदयमा केले केले चस्स घोचेभैँ अनि जिभ्रोमा अलि टर्रो तीतो नमीठोपना रसाएभैँ उनले अनुभव गरे । उनको अनुहार अलि नमज्जा लागेभैँ पलको निम्ति खुम्चियो । आँखामा दावानलको फिलिङ्गोभैँ कुन्नि के हो राँक्कियो । तर यी सबै विरोधाभासलाई आफ्नो मीठो चिप्ल्याइँभित्र छोप्न उनी तत्कालै सफल भए (अनु. ११) ।

५. लुखुरे दुबै हातले पुर्पुरो समातेर आँगनमा बस्यो । केही क्षण अगाडिको उसको मानसिक सपनाको फूलबारीमा एक्कासि तुसारो बैरियो । अघिसम्म उमङ्गमा खिलखिलाइरहेको उसको चारैतिरको वातावरणमा अहिले अवसादको कालो बादल मडारिँदै दौडियो । उसका आँखा तिरमिराउन थाले, आँखा अगाडि हाँसिरहेको आकाश, गाइरहेका चराचुरुङ्गी, नाचिरहेका लहरापात सबै धमिला देखिन थाले । शरीरभर पसिना चिटचिटाएभैँ उसलाई लाग्यो (अनु. २०) ।

उपर्युक्त वाक्यशृङ्खलामा चेतन वस्तुका सोचाइको सुन्दर र कलात्मक वर्णन गरिएकाले अभिव्यक्तिमा सौन्दर्य सिर्जना भएको देखिन्छ । उदाहरण (४) मा काँटछाँट मिलेको असल जातको भैँसी बाँधेकाले लुखुरेका आँखामा सुनौला सपना र अपूर्व आत्मतृप्तिको सङ्गीत छचल्किएको हुन्छ । विपन्न परिवारका व्यक्तिमा यस किसिमको हर्ष, उत्साह र उमङ्ग देखेपछि सामन्ती द्वारेको हृदय चस्स घोचेभैँ, जिभ्रोमा तितोटर्रो नमिठोपना रसाएभैँ, अनुहार खुम्चिएभैँ, आँखा आगाले राँगिएभैँ हुन थाल्छ । यस्ता विरोधाभासपूर्ण घटनाबाट उन्मुक्ति पाउन खोजे पनि द्वारेको अन्तर्मनमा चिन्ता, ईर्ष्या, लज्जाजस्ता भाव सञ्चरण भई अभिव्यक्ति चमत्कृत बन्न पुग्छ । उदाहरण (५) मा पनि द्वारेले भैँसीमा खोट देखाएको र ज्याम्दीका ढकालले रोगी भैँसी भिराएको बताएपछि लुखुरेको मानसपटलमा अन्तर्द्वन्द्व मच्चिन्छ । उसको सपनाको फूलबारीमा तुसारो पर्न थाल्छ र खुसियालीमा कालो बादल मडराउँछ । त्यस्तै हाँसिरहेको आकाश, चिर्बिराइरहेका चराचुरुङ्गी, नाँचिरहेका लहरापात सबै धमिला देखिन्छन् । यसबाट लुखुरेको मनोजगत्मा अन्तर्द्वन्द्व मच्चिई उपर्युक्त कथनमा चिन्ता, ग्लानि, वितर्क, त्रासजस्ता भावबाट कलात्मक सौन्दर्य सिर्जना हुन पुग्छ । यसरी चेतन वस्तु (लुखुरे र द्वारे) का सोचाइको आलङ्कारिक कथनले पात्रका आन्तरिक मनोद्वन्द्वको उद्घाटन भएकाले चेतन वस्तुवक्रताको सौन्दर्य उपर्युक्त कथनमा देखिएको छ ।

**चेतन वस्तुबारे अर्का पात्रको टिप्पणी**

चेतन वस्तुका बारेमा अर्का पात्रले गर्ने टिप्पणीबाट उत्पन्न सौन्दर्य विशिष्ट हुन्छ । साहित्यिक रचनामा एउटा पात्रले अर्का पात्रसँग कुनै पात्रका बारेमा आफ्नो धारणा, टिप्पणी वा प्रतिक्रिया गर्दा देखापर्ने सौन्दर्य नै चेतन वस्तुवक्रता हो (शर्मा, २०७३, पृ. १३२) । *लाहुरी भैँसी* कथामा एउटा पात्रले अर्का पात्रप्रति गरेको प्रतिक्रियाका घटनालाई यसप्रकार देखाइएको छ:

६. 'खोइ बा गोडा चारेक सयसम्मको हेरेर ल्याउनुपर्ला भन्थ्यो, लुखे' (अनु ४) ।

७. द्वारेका आखीभौँ केही खुम्चिए - 'को, त्यै बाउँठे ढकाल ? ... त्यसका कुरा पत्याउन थाले त

मान्छे खौलाँ पर्छ । कतिलाई भड्खाराँ जाक्यो, त्यस्तो बेइमानी पो त त्यो ! कसो रामे' (अनु. १८) ?

८. 'के तिमीहरू सबै त्यसै भन्छौ त ? त्यसै हो भने म के भनौं। एउटा गरीबको उपकारै सही। तर ... भैगो त लुखुरे पनि सय–पचासको मुख नहेरोस् । कि त सौ–पचास खर्चेर भैँसी तयार गराइछाडँ, कि खौलाँ जाक्किएँ' (अनु. ४८) ।

उपर्युक्त वाक्यशृङ्खलामा एउटा पात्रले अर्का पात्रप्रति गर्ने प्रतिक्रिया वा टिप्पणी अत्यन्त कलात्मक रहेकाले त्यसमा चेतन वस्तुवक्रताको सौन्दर्य झल्किएको छ । उदाहरण (६) मा लुखुरेले लाहुरी भैँसी किनेर ल्याएको घटनालाई द्वारेले आश्चर्य ठान्दै रामबिरेसँग प्रतिक्रिया लिन खोजेको छ । गोडा चारेक सयसम्म मूल्य पर्ने भैँसी लुखुरेले किन्न खोजेको सन्दर्भ रामबिरेले कोट्याउँदा प्रस्तुत कथनमा स्वभावगत सौन्दर्य सिर्जना भएको छ । उदाहरण (७) मा द्वारेले भैँसीमा खोट देखाएपछि लुखुरेले ज्याम्दीका ढकालले भैँसीमा कुनै पनि खोट नभएको भन्दै किरिया हालेको प्रसङ्ग औंल्याएको छ । त्यसको प्रत्युत्तरमा द्वारेले लुखुरेलाई ज्याम्दीका ढकाल फटाहा भएको र दीनदुःखीलाई जहिलेसुकै भड्खारामा पारेको बताएको छ। यसरी ज्याम्दीका ढकालका क्रियाकलापबारे द्वारेको प्रतिक्रिया छद्मप्रकृतिको भएकाले प्रस्तुत घटनामा सत्य कुरा गोपन गरी असत्य कुरा बताइएकाले वक्रता सिर्जना भएको छ । त्यस्तै उदाहरण (८) मा द्वारेले रामबिरे र बुढाथोकीलाई सम्बोधन गर्दै लुखुरेलाई सहयोग गर्न तयार भएको र उसले पनि सयपचास रुपैयाँको लोभ गर्न नहुने र आफूले पनि सकेसम्म भैँसीलाई निको बनाउने विचार व्यक्त गरेको छ। यहाँ दीनदुःखीलाई सहयोग गरेजस्तो देखाएर लुखुरे र उसको परिवारको इच्छा, आकाङ्क्षाको प्रतीक भैँसी हात पार्ने प्रपञ्च रचिएको छ । यसरी लुखुरेजस्ता गरिबका घरमा सिर्जना भएको खुसी देख्न नसक्ने र उनीहरूका घरमा भएका असल वस्तुलाई जालझेल गरी हडप्ने द्वारेका सामन्ती कार्यबाट एउटा पात्रले अर्का पात्रप्रति गरेको टिप्पणीमूलक कार्यबाट चेतन वस्तुवक्रतामा आधारित सौन्दर्य सिर्जना भएको छ ।

## लाहुरी भैँसी कथामा अचेतन वस्तुवक्रता

यहाँ अचेतन वस्तुवक्रताको सैद्धान्तिक पर्याधारअनुसार स्थानिक र कालिक, सामाजिक, सांस्कृतिक तथा सामन्ती परिवेशअनुकूल कृतिविश्लेषणको ढाँचा निर्माण गरी तदनुरूप *लाहुरी भैँसी* कथाबाट आवश्यक उदाहरण खोजी तिनको विश्लेषण गरिएको छ ।

### स्थानिक र कालिक परिवेश

गाउँ, सहर, हिमाल, पहाड आदि स्थानविशेषको वर्णनलाई स्थान र कुनै काम वा घटना घटेको अवधिलाई काल भनिन्छ। आख्यानात्मक कृतिमा पात्रका क्रियाव्यापार र तिनका मनोवृत्तिलाई जनाउन स्थानिक र कालिक परिवेशको चित्रण गरिन्छ। *लाहुरी भैँसी* कथामा स्थानिक र कालिक परिवेश चित्रणले पात्रका क्रियाकलाप उद्दीप्त बनेका घटनालाई यसप्रकार दिइएको छः

९. 'लुखुऱ्याँ घराँ त रमझम देखिन्छ नि ? ...आँगनाँ पनि मान्छे झ्याम्मिएका छन् ।' द्वारे बाले आँगनको डिलबाट नियालेर हेरे, ... (अनु. १) ।

१०. बाबुले लाकुरी भञ्ज्याङमा भैंसी ल्याइपुऱ्याइएदेखि नै उसका भैंमा खुट्टै थिएन। बाबु आँगनमा आइपुग्दा नपुग्दै उसले बाबुले भैँसी ल्याएको कुरा आफ्ना सबै दौंतरीलाई भनेर आफ्नो आँगनमा जम्मा गरिसकेको थियो (अनु. ६) ।

११. साँच्चै त्यस दिन बेलुकी भैंसीले दूध पनि थोरै दियो । ...वास्तवमा पाँच कोश बाटो हिँडाएर ल्याएको हुनाले यो स्वाभाविक पनि थियो । तर यो स्वाभाविक घटनाले पनि लुखुरेको मनको शङ्काको बीजलाई अङ्कुराउन मलजल गऱ्यो (अनु. २३) ।

१२. भोलिपल्ट द्वारे बाका पिंडीमा गाउँका बुजुक जम्मा भएका थिए (अनु. ३१) ।

१३. त्यस दिन बेलुकीपख द्वारेबाको आँगनमा निकै रमझम देखियो । आँगनमा भैंसी बाँधिएको थियो – ... बूढा बीस वर्षे जोसमा भैंसीको सुसार गर्न लागेका (अनु. ५२) ।

उपर्युक्त बाक्यशृङ्खलामा स्थानिक र कालिक परिवेशले चेतन वस्तुका मनमा पारेका प्रभावको स्वाभाविक वर्णनबाट वक्रता सिर्जना भएको छ । उदाहरण (९) मा लुखुरेका घरमा भैंसी बाँधिएपछि आँगनमा मान्छेको रमझम देखिन्छ । आफ्नो आँगनको डिलबाट त्यस्तो दृश्य देख्ता द्वारेको द्वारेपनामाथि नै चोट लाग्न पुग्छ । अथक् प्रयास गर्दा पनि आफूले भैंसी किन्न नसकेको र एउटा गरिबले भैंसी ल्याएको र उसको घरआँगनमा जम्मा भएका मान्छेको रमझमबाट द्वारेको मन घाइते हुन्छ । उदाहरण (१०) मा बाबुले लाकुरी भन्ज्याङमा भैंसी ल्याइपुऱ्याएपछि आँगनमा दौतरीहरू जम्मा गरेर लुखुरेको छोरो पोडे सपनाको संसार बुन्न थाल्छ । स्थानिक परिवेशका रूपमा आएका घर र आँगनले द्वारेका मनमा पीडा तथा उही आँगन र लाकुरीभन्ज्याङले पोडेका मनमा खुसियालीको सौन्दर्य थप्न उत्प्रेरकको भूमिका खेलेको पाइन्छ । उदाहरण (११) मा द्वारेले भैंसीमा देखाएको खोट र थकित भैंसीबाट त्यस दिन साँझ अपेक्षा गरिएअनुरूप दुध नआएपछि लुखुरेका मनमा शङ्काको बिउ टुसाउन थाल्छ । उदाहरण (१२) अनुसार भैंसीले दुध थोरै दिएपछि ऊ रातभरि निदाउन सक्तैन र भोलिपल्ट बिहानै द्वारेको घरआँगनमा पुगी पिंडीमा अपराधीजस्तै बस्छ । विभिन्न जालझेल र षडयन्त्र गरी द्वारेले त्यसै दिन लाहुरी भैंसी आफ्नो घरमा ल्याउँछ । अघिल्लो दिन घरमा भैंसी ल्याई त्यसको स्याहारसुसार गर्दा लुखुरेको मन जति प्रसन्न हुन्छ गरिब व्यक्तिका घरमा असल जातको भैंसी बाँधेको देख्दा द्वारेको मन त्यति नै खिन्न हुन्छ । त्यसैको भोलिपल्ट निर्दोष भैंसीलाई षडयन्त्रपूर्वक घरमा ल्याउँदा द्वारेका मनमा उत्साह जागृत भए पनि लुखुरेका मनमा बेचैनी बढ्छ । यसरी स्थानिक वा कालिक अचेतन वस्तुले चेतन वस्तु (लुखुरे र द्वारे) का चित्तवृत्तिमा अन्तर्द्वन्द्व मच्चाएकाले उपर्युक्त कथनमा अचेतन वस्तुवक्रताको सौन्दर्य सिर्जना भएको छ ।

**सामाजिक परिवेश**

एउटै रहनसहन, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बस्ने मानवलाई समाज भनिन्छ । समाजमा बसोबास गर्ने व्यक्तिका बिचमा परस्पर झैँझगडा, गालीगलोज र मानअपमानका शृङ्खलामा छुट्टाछुट्टै भाषिक अभिव्यक्तिको प्रयोग हुन्छ । साहित्यिक कृतिका पात्रहरू पनि आपसमा झैँझगडा, गालीगलोज वा मानअपमान गर्दा एकअर्कालाई प्रयोग गर्ने भाषिक संरचनाबाट अभिव्यक्तिमा अपूर्व चमत्कार सिर्जना हुन्छ । सामाजिक संरचनाको तहअनुसार गालीगलोजको भाषा प्रायोग गरी परस्परमा एकअर्कालाई होच्याउने, अपमान गर्ने र निकृष्ट तुल्याउने कार्य हुने भएकाले यसबाट चेतनवस्तुका मानसिकतामा पर्ने संवेगात्मकताबाट अभिव्यक्तिमा वक्रता सिर्जना हुन पुग्छ । *लाहुरी भैँसी* कथामा गालीगलोज र अपमानयुक्त भाषाको प्रयोग गरी चेतन वस्तुको मानसिकतामा उथलपुथल पारिएका घटना यसप्रकार छन्:

१३. 'लुखे बजियाले भैंसी ल्याएछ' (अनु. २) ?

१४. द्वारेका आँखीभौँ केही खुम्चिए– 'को त्यै बाउँठे ढकाल ? ...त्यसका कुरा पत्याउन थाले त मान्छे खौलाँ पर्छ । कतिलाई भड्खाराँ जाक्यो, त्यस्तो बेइमानी पो त त्यो ...' (अनु. १८) ?

१५. 'खाइस् अभागी ग्वाङ्ग्रा ! यसो आफूभन्दा जान्नेसुन्ने दुई–चार जनालाई लगेर देखाउनुपर्छ, त्यत्रो पैसा लगेर भड्खराँ बैरियौ कि बैरिएनौ ! बुद्धिमा डढेलो सल्केको' (अनु. २४) ।

१६. 'आफूलाई पोल्या थाहा छैन, अर्कालाई पोल्या सपना देख... त्यै सिनाको मासु बेचेर उठाउने सुर छ कि ग्वाङ्ग्रा' (अनु. ३०) ।

उपर्युक्त वाक्यशृङ्खलामा ग्रामीण समाजमा हुने गालीगलोज र अपमानका प्रसङ्गको चित्रणमा वक्रताको सौन्दर्य थपिएको छ । उदाहरण (१३) मा धनी र सम्पन्न मान्छेले विपन्न मान्छेप्रति गरेका अपमानको वस्तुचित्रण गरिएको छ । यहाँ द्वारेले लुखुरेलाई 'लुखे' र 'बजिया' भनी हेय दृष्टिले हेरेको छ । आफूले अथक् प्रयास गर्दा पनि भैंसी किन्न नसकेको र लुखुरेले भैंसी ल्याएपछि द्वारेपनाको अपमान ठान्दै ऊ लखुरेलाई अपमानको भाषा प्रयोग गर्छ । उदाहरण (१४) मा द्वारेले ज्याम्दीका ढकाललाई 'बाउँठे ढकाल', 'बेइमान', 'गरीबलाई भड्खारामा पार्ने' भनेर आरोप लगाएको छ । समाजमा निर्धो वा आफ्नो प्रतिस्पर्धी र कुभलो चिताउने व्यक्तिलाई अप्रत्यक्षतः हेप्ने, गाली गर्ने र असत्यताको आरोप लगाउने गरिन्छ । यहाँ पनि द्वारेले लुखुरेलाई गरेको अपमान र ज्याम्दीका ढकाललाई लगाएका आरोपमा सामाजिक परिवेशको स्वाभाविकता झल्किएको छ । लाहुरी भैंसीलाई द्वारेले खोटी भनेपछि उदाहरण (१५ र १६) मा लुखुरे र उसकी श्रीमती घैंटीबिच मनोमालिन्य बढ्छ । घैंटी लोग्नेलाई 'खाइस् अभागी ग्वाङ्ग्रा', 'पैसा लगेर भड्खराँ हाल्ने', 'बुद्धिमा डढेलो सल्केको', 'आफूलाई पोल्या थाहा छैन, अर्कालाई पोल्या सपना देख्' जस्ता गालीगलोजको भाषा प्रयोग गर्दै अपमान गर्न थाल्छे । नाककान रित्याएर र रिन खोजेर किनेको भैंसी खोटी भएपछि घैंटीमा आक्रोशको मात्रा बढ्छ । यसरी द्वारेले लुखुरे र ज्याम्दीका ढकाललाई तथा घैंटीले घरायसी व्यवहारमा अपरिपक्वता देखाउने लोग्नेलाई गरेको गाली र अपमानले सामाजिक परिवेश जनाएकाले प्रस्तुत कथनमा अचेतन वस्तुवक्रताको सौन्दर्य देखिएको छ ।

प्रस्तुत कथामा पारिवारिक मिलन र सामाजिक भेटघाटका सन्दर्भबाट ग्रामीण समाजको सौन्दर्य उत्कर्षमा पुगेको देखिन्छः

१७. लुखुरे मात्र होइन, आज उसकी स्वास्नी घैंटी पनि उमङ्गमा डुबेकी थिई । उसले आज अघिपछिजस्तो झर्कोफर्को केही नगरी लोग्नेको प्रत्येक आज्ञा मानेकी थिई । ... लोग्नेले अह्राउनै नपर्ने गरी पुरानो मकैको पीठाको खोले पकाएर लाहुरीलाई खान दिई । दुई डोका खाँदी खाँदी घाँसको भारी ल्याएर पिंडीमा थुपारेकी थिई–(अनु. ८) ।

१८. भोलिपल्ट द्वारे बाका पिंडीमा गाउँका बुज्रुक जम्मा भएका थिए । यो गाउँको चलन–बिहानबेलुकी तमाखु खान, गफसफ गर्न, दुःखदर्द पोख्न, ठूला–ठालुकै घरमा जम्मा हुन्छन् । गाउँभरिको टीकाटिप्पणी हुन्छ र भैरहेको पनि थियो-(अनु. ३१) ।

उपर्युक्त वाक्यशृङ्खलामा ग्रामीण समाजमा हुने पारिवारिक प्रेम र सामाजिक भेटघाटका सन्दर्भको चित्रणबाट पनि वक्रता देखिएको छ । उदाहरण (१७) मा लाहुरी भैंसी घरमा ल्याएपछि लुखुरेको परिवारमा उत्साह जागेको छ । घिउ बेचेको पैसाले दौरा किनिदिने आश्वासन पाएपछि छोरो प्रफुल्ल हुन्छ भने घैंटी पनि अघिपछिजस्तो झर्कोफर्को नमानी लाहुरीको दानापानी र घाँसपातमा तल्लीन हुन्छे । परिवारजनमा देखिएको खुसियालीका स्वाभाविक प्रसङ्गबाट चिन्ता, लज्जा, शंका, चपलताजस्ता भाव सञ्चरण भई लुखुरेका मनमा पनि हर्षभाव उद्रेक हुन्छ । उदाहरण (१८) मा पनि गाउँको

चालचलनअनुसार मानिसहरू साँझबिहान घरआँगनमा जम्मा भई परस्परमा भेटघाट, सुखदुःख र सन्चोबिसन्चोका कुरासहित गाउँभरिका विभिन्न विषयमा टिप्पणी गर्छन् । गाउँका ठुलाबडा मानिसका घरका दलान, पिंडी आदिमा हुने यस्तो भेटघाटमा समस्या परेका मान्छे पनि आएका हुन्छन् । लुखेरे पनि पिंडीको एकछेउमा टुसुक्क बसेको छ । ग्रामीण समाजमा नियमित हुने भेटघाटको वस्तुचित्रणमा देखिएको स्वाभाविक अवस्था निकै रोचक छ । यसरी ग्रामीण समाजमा हुने पारिवारिक मिलन र सामाजिक भेटघाटका सन्दर्भको चर्चाले चेतन वस्तुको कार्यव्यापारमा उत्प्रेरकको भूमिका खेलेकाले पनि अचेतन वस्तुवक्रताको सौन्दर्य आविर्भाव भएको छ ।

**सामन्ती परिवेश**

समाजमा सम्पन्न व्यक्तिका कार्यबाट सामन्ती परिवेश निर्धारित हुन्छ । सामन्तहरू वर्गीय रूपमा दीनदुःखीमाथि शोषण र अन्याय गर्छन् । *लाहुरी भैँसी* कथाको द्वारेका चरित्रमा रहेको सामन्ती व्यवहारको चित्रण यसप्रकार प्रस्तुत गरिएको छः

१९. 'भैँसीलाई त अलि बढी नै हालिछस् । ... दूध कति देला ? ... कल्चौंडो मात्र भएर के गर्नु, मासु खान भएन मोटो छ भनेर ।' उनका आँखा र नाक अलि खुम्चिए । लुखुरेको सातो उडिगो (अनु. १३) ।

२०. 'के तिमीहरू सबै त्यसै भन्छौ त ? त्यसो हो भने म के भनौँ । एउटा गरीबको उपकारै सही । –तर ... भैगो त लुखुरे पनि सय–पचासको मुख नहेरोस् । कि त सौ–पचास खर्चेर भैंसी तयार गराइछाडेँ, कि खौलामा जाक्किएँ । ... एउटा गरीबको उपकारै हुन्छ भने ... लौ के भन्छस् लुखुरे' (अनु. ४८) ?

उपर्युक्त वाक्यशृङ्खलामा सामन्ती संस्कारको स्वाभाविक र आलङ्कारिक अभिव्यक्तिबाट जीवन्त स्वरूप प्रकट भई वक्रता सिर्जना भएको छ । उदाहरण (१९) मा द्वारेले भैंसीको मूल्य अधिक भएको, कल्चौंडो र शारीरिक संरचना राम्रो भएर नहुने, भैंसीले दुध थोरै दिएको र त्यो अस्वस्थ पनि रहेको बताएपछि लुखुरे सशङ्कित र भयभीत हुन्छ । द्वारेजस्ता शोषक सामन्तले लुखुरेजस्ता गरिब परिवारको आशा, सपना र खुसीलाई भताभुङ्ग तुल्याएको घटनामा सामन्ती संस्कार प्रत्यक्ष रूपमा भावकसमक्ष पुगेकाले प्रस्तुत अंशमा वक्रता सिर्जना भएको छ । उदाहरण (२०) मा द्वारेले दया देखाएजस्तो गरी दीनदुःखीप्रति शोषण गरेको स्वरूपलाई देखाइएको छ । विपन्न वर्गकै रामबिरे, बुढाथोकीजस्ता चरित्रले लुखुरेप्रति सहानुभूति राख्दै षड्यन्त्रमा बल्झाई झन् बढी ऋण बोकाएको घटनाबाट द्वारेजस्ता फटाहाको सामन्ती चरित्र उद्घाटित हुन्छ । शिक्षा र चेतनाका अभावमा नेपालका कैयौं गाउँमा द्वारेजस्ता शोषकका जालझेलमा फसी लुखुरेजस्ता निर्धा जनताको आशा, भरोसा र आकाङ्क्षा समाप्तिको चित्रणमा सामन्ती संस्कार मुख्य कारक भएकाले यहाँ अचेतन वस्तुवक्रताको सौन्दर्य थपिएको छ ।

**सांस्कृतिक परिवेश**

समाजमा परम्परादेखि चल्दै आएको आचारविचार, रहनसहन, खानपिन, भेषभूषा आदिलाई संस्कृति भनिन्छ । साहित्यिक रचनामा चेतन वस्तुको उद्दीपक तत्वका रूपमा अचेतन वस्तुवक्रताजन्य सांस्कृतिक परिवेशको स्थिति देखापर्छ (शर्मा, २०७३, पृ. १५०) । *लाहुरी भैँसी* कथामा स्थानीय समाजमा हुने ढोगभेट र धर्मसंस्कृतिसम्बन्धी अचेतन वस्तुवक्रताका उदाहरण रहेकाले तिनको चर्चा यसप्रकार गरिएको छः

२१. रामबिरे वडबडाउँदै द्वारे बाका आँगनतिर उक्ल्यो, द्वारे बाका गोडामा पुर्पुरो टेकायो अनि निधारमा हातको छहारी पारेर लुखुरेका आँगनतिर नियालेर हेऱ्यो - 'ए, हो त नि, उः क्यात त्यो भैंसी नै त हो; ल्याएछ ए बजियाले' (अनु.१) ।

२२. ... हेर्दाहेर्दै घर, भैंसी, सानो पोडे सबैका अनुहार बादलतिर पसेझैँ उसलाई लाग्यो । हे इसोर ! उसको छातीबाट एउटा दर्दिलो सुस्केरा निस्केर वायुमण्डलमा रुमल्लियो (अनु.२९)।

२३. 'हे इसोर ! बाउँठे काट्टेको भष्म खरानी भैजावस् ... गरीबलाई रुवाएर गरीबको धनले नपोली त कहाँ छोड्ला र ! परमेश्वरी ... ' (अनु. २९) ।

उपर्युक्त वाक्यशृङ्खलामा ढोगभेट र धर्मसंस्कृतिसम्बन्धी सांस्कृतिक परिवेशको वस्तुवर्णनबाट चमत्कार सिर्जना भएको छ । उदाहरण (२१) मा रामबिरेले द्वारेका खुट्टामा ढोगेको प्रसङ्ग आएको छ । त्यसमा रामबिरेले 'ढोगिदियो' भन्ने शब्दका सट्टा 'पुर्पुरो टेकायो' शब्दको चयनले वस्तुचित्रणमा कलात्मकता थपिएको छ । नेपाली समाजमा कुनै समस्या पर्दा देवीदेवताको भाकल गर्ने, उपासना गर्ने, पश्चात्ताप गर्ने, पीडकलाई गाली गर्ने, कुभलो चिताउने जस्ता कार्य गरिन्छ । उदाहरण (२२) मा स्वस्थ भैंसीलाई अस्वस्थ भनिँदा लुखुरेका परिवारका सदस्य कुहिराको कागजस्तै रनभुल्ल भई चिन्ता र व्याकुलताले भयभीत बन्छन् । लुखुरे पनि लामो सुस्केरा हाल्दै ईश्वर र परमेश्वरीको पुकार गर्न थाल्छ । त्यस्तै उदाहरण (२३) मा द्वारेका कुरामा विश्वास गरी ऊ ज्याम्दीका ढकाललाई 'बाउँठे काट्टेको भष्म खरानी, भैजावस् र गरीबको धनले नपोली कहाँ छोड्ला र ?' भन्दै गाली गर्न थाल्छ । दुःख पर्दा ईश्वर र परमेश्वरीको शरणमा पर्ने तथा दुःख दिनेलाई गाली गर्ने प्रचलन नेपाली संस्कार र संस्कृतिसँग सम्बद्ध भएकाले प्रस्तुत अभिव्यक्तिमा कलात्मक सौन्दर्य थपिएको छ । यसरी सानाले ठुलालाई सम्मान गर्ने, दुख पर्दा देवीदेवताको शरणमा जाने र कुभलो चिताउनेप्रति गालीगलोजको भाषा प्रयोग गर्ने चलन नेपाली संस्कृति अनुकूल भएकाले उपर्युक्त कथनमा अचेतन वस्तुवक्रतामा आधारित सौन्दर्य सिर्जना भएको छ ।

**लाहुरी भैंसी कथामा गौण चेतन वस्तुवक्रता**

चेतन वस्तुको चित्तवृत्ति उद्दीप्त गर्ने मानवेतर पशुपक्षी, कीटपतङ्गजस्ता प्राणीको जीवन्त वर्णनबाट साहित्यिक रचनामा देखापर्ने सौन्दर्यलाई गौण चेतन वस्तुवक्रता भनिन्छ । *लाहुरी भैंसी* कथामा चेतन वस्तु (लुखुरे र द्वारे) का आन्तरिक मनोवृत्तिलाई जनाउन लाहुरी भैंसीको वस्तुसन्दर्भ निकै रोचक भएकाले त्यसलाई यसप्रकार देखाइएको छः

२४. ऊ (लुखुरे) विस्तारै लाहुरीतिर गयो- गजबको लाहुरी भैँसी । बडो बाह्र माने बाटाजत्रो कल्चौंडो । झिंगा पनि चिप्लेलाजस्तो चिल्लो, कालो जिउ, छोटा छोटा मोटा मोटा सिङ उसका अङ्गप्रत्यङ्ग सबै रोमाञ्चित भएर आए (अनु. ७) ।

२५. ... उनले भैंसीको सबै कुरा जाँचे- निहुरेर थुन र कल्चौंडो जाँचे, चारैतिर घुमेर जीउडाल, आाखा, सीङ सबै जाँचे- फराकिलो पुट्ठा, बाह्रमाने बाटाजत्रो कल्चौंडो, अनि मोटा थुन, अति चिल्लो कालो झिंगा पनि चिप्लेलाजस्तो आङ, नीला निर्दोष आँखा, छोटा छोटा मोटा मोटा सीङ- भैंसी साच्चै गतिलो देखिन्थ्यो, ... । द्वारे बाको मन धमिलिएर आयो-धूवाँले ध्वाँस्सिएर कपडा धमिलिएजस्तो (अनु. १२) ।

उपर्युक्त वाक्यशृङ्खलामा गोठमा बाँधिएको लाहुरी भैंसीको शारीरिक संरचना सबै दृष्टिले रमणीय रहेको बताइएको छ । उदाहरण (२४ र २५) दुवैमा कालो कालो जिउ, छोटा छोटा मोटा मोटा

सिङ, चिल्लो, झिंगा लर्कने शरीर, कालो वर्ण, मोटा मोटा थुन, निला निर्दोष आँखा, फराकिलो पुट्ठो, बाँटा जत्रो कल्चौंडो भएको असल जातको भैंसी घरमा भित्र्याइएपछि लुखुरे र उसका परिवारका मनमा हर्ष, प्रसन्नता र उत्साह थपिँदै जान्छ । लुखुरेजस्ता गरिबले काँटछाँट मिलेको असल जातको भैंसी बाँधेको देखेपछि द्वारेको इगोमा चोट पुग्छ । उसको मन धुँवाले ध्वाँसिएको कपडाजस्तो धमिलो हुन पुग्छ । यसरी गौण चेतन वस्तु लाहुरी भैंसीका कारण चेतन वस्तु लुखुरे र द्वारेका मनमा परेका प्रभावको चित्रण फरकफरक किसिमबाट गरिएकाले प्रस्तुत कथनमा गौण चेतन वस्तुवक्रताको सौन्दर्य रहेको पाइन्छ ।

## निष्कर्ष

*लाहुरी भैंसी* कथाका स्रष्टा रमेश विकल हुन् । पौरस्त्य काव्यशास्त्री कुन्तक वक्रोक्तिसिद्धान्तका प्रवर्तक हुन् । उनले प्रतिपादन गरेको वाक्यवक्रताका विविध भेद मध्येको एउटा भेद चेतन र अचेतन वस्तुवक्रता  हो । शोध्य कृतिमा चेतन वस्तु (पात्र) को सोचाइ, चेतन वस्तुका कार्यप्रति समाख्याताको दृष्टिकोण, चेतन वस्तुको आनीबानी, चेतनवस्तुका कार्यप्रति समाख्याताको टिप्पणी वा प्रतिक्रिया आदिबाट आवश्यक तथ्य सङ्कलन गरी चेतन वस्तुवक्रताको सौन्दर्य खोजिएको छ । यसमा प्रस्तुत कृतिका प्रमुख पात्र लुखुरे र द्वारेका आआफ्ना दृष्टिकोण, गरिबका घरमा भएको असल वस्तु सस्तो मूल्यमा प्राप्त गर्न चाहने द्वारेको सामन्ती कार्य, लुखुरेको परिवारमा लाहुरी भैंसीले ल्याएको खुसी र उमङ्ग भोलिपल्टै शोकमा परिणत भएको स्थितिबाट चेतन वस्तुको मनोद्वन्द्व उत्कर्षमा पुगेको छ । त्यस्तै अचेतन वस्तुवक्रतामा चेतन वस्तु (लुखुरे र द्वारे बा) का कार्यलाई उद्दीप्त तुल्याउने गरी आएको स्थानिक र कालिक अवधि, गालीगलोज र अपमानको सामाजिक संरचना, व्यक्तिगत स्वार्थपूर्तिका लागि द्वारेको शोषणबाट उत्पन्न सामन्ती परिवेश, आपतविपतमा ईश्वरको उपासना र मान्यजनप्रति गरिने ढोगभेटको प्रक्रियाजन्य सांस्कृतिक वस्तुचित्रणमा अवचेतन वक्रताको सौन्दर्य कलात्मक बनेको छ । त्यस्तै प्रस्तुत कथामा पाइने द्वन्द्वको मुख्य विषय लाहुरी भैंसी हो । चेतन वस्तुका कार्यकलापमा प्रभाव पार्ने गरी गौण चेतन वस्तु (मानवेतर पात्र) लाहुरी भैंसीको चित्रणबाट लुखुरे र द्वारेका मनमा परेका प्रभावको चित्रण फरकफरक किसिमबाट गरिएको छ । यसरी प्रस्तुत कथामा चेतन वस्तु (मानवीय पात्र) का कार्यकलाप उद्वेलित तुल्याउन गौण चेतन वस्तु र अचेतन वस्तुका विविध पक्षको वर्णन अनेक किसिमबाट गरिएकाले चेतन वस्तु र अचेतन वस्तुवक्रताको सौन्दर्य उत्कृष्ट रहेको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, गङ्गाप्रसाद (२०७३), "तरुण तपसी नव्यकाव्यमा वक्रोक्ति", अप्रकाशित विद्यावारिधीय शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०५०), *पूर्वीय समालोचना सिद्धान्त,* पाँचौं संस्क.,ललितपुर :साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३६), *पूर्वीय साहित्य–सिद्धान्त,* काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र, त्रिभुवन विश्वद्यालय ।

कुन्तक (२०१२), *वक्रोक्तिजीवितम्* (व्याख्या. आचार्य, विश्वेश्वर), दिल्ली : रामलाल पुरी ।

खनाल, श्यामप्रसाद (२०६८), "मृत्युञ्जय महाकाव्यको वक्रोक्तिवादी विवेचना", अप्रकाशित विद्यावारिधीय शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय, दाङ ।

गुप्ता, सुधा (सन् १९९०), *वक्रोक्ति सिद्धान्त और हिन्दी कविता,* दिल्ली : राधा पब्लिकेसन हाउस ।

नगेन्द्र (२०१२), 'भूमिका', *वक्रोक्तिजीवितम्* (ले. कुन्तक), दिल्ली : रामलाल पुरी

पोखरेल, केशवराज (२०७७), *पूर्वीय र पाश्चात्य समालोचना,* कीर्तिपुर : सनलाइट पब्लिकेसन ।

पोखरेल, केशवराज (२०७७), "माधव घिमिरेका गीतिनाटकमा प्रकरणवक्रता", अप्रकाशित विद्यावारिधीय शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

पोखरेल, केशवराज (सन् २०२०), 'बसाइँ उपन्यासमा नीतिपरक वक्रता', *त्रिभुवन विश्वविद्यालय जर्नल,* भोलम ३५, नं. १, जुन, पृ. २२१–२३४ ।

भट्टराई, धनपति (२०७५), "शाकुन्तल महाकाव्यमा वक्रोक्ति", अप्रकाशित विद्यावारिधीय शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

भामह (२०४२), *काव्यालङ्कार* (व्याख्या. देवेन्द्रनाथ शर्मा), पटना : विहार राष्ट्रभाषा परिषद् ।

विकल, रमेश ( २०४६), 'लाहुरी भैंसी', *नेपाली कथा* भाग १ (सम्पा. नरहरि आचार्य, महादेव अवस्थी र देवीप्रसाद गौतम), ललितपुर : साझा प्रकाशन ।

विश्वनाथ (सन् १९७७), *साहित्यदर्पण* (व्याख्या. शालिग्राम शास्त्री), नवौँ संस्क., दिल्ली : मोतीलाल वनारसी दास ।

शर्मा, ऋषिराम (२०७०), *नेपाली वक्रोक्ति परिचय,* भक्तपुर : इन्दिरा अर्याल ।

शर्मा, ऋषिराम (२०७३), "गुरुप्रसाद मैनालीका कथामा वक्रता", अप्रकाशित विद्यावारिधीय शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

शर्मा, रामानन्द (२०३९), *भारतीय काव्यशास्त्र,* दोस्रो संस्क., आगरा : विनोद पुस्तक मन्दिर ।

## लेखक

**केशवराज पोखरेल** त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुरका प्राध्यापक हुनुहुन्छ । उहाँले *माधव घिमिरेका गीतिनाटकमा प्रकरण वक्रता* शीर्षकमा विद्यावारिधि गर्नुभएको छ । उहाँका नेपाली भाषा, साहित्यसमालोचना र भाषाशिक्षणका क्षेत्रमा एकल र संयुक्त लेखनमा आधारित एक दर्जनभन्दा बढी पाठ्यपुस्तक र सन्दर्भपुस्तक प्रकाशित छन् भने विभिन्न जर्नलमा अनुसन्धानात्मक आलेख पनि छापिँदै आएका छन् । पछिल्लो समयमा उहाँको अभिरुचि पूर्वीय साहित्यसिद्धान्तको प्रायोगिक अध्ययनमा केन्द्रित छ ।